## जातीय समानताको प्रवर्धनका लागि
## विद्यमान र योजना गरिएका उपायहरू

## ढुकुटी शाखा (The Treasury Branch)
## वित्तीय सेवाहरू र ढुकुटी ब्युरो (Financial Services and the Treasury Bureau)

वित्तीय सेवाहरूको ढुकुटी शाखा र ढुकुटी ब्युरो (TsyB) ले पैसाको मूल्य सिद्धान्त र सरकारका अन्य नीतिगत उद्देश्यअनुसार स्रोतहरूको विनियोजन व्यवस्थापन ;सरकारको कर र अन्य राजश्व उठाउने नीतिहरूको रेखदेख गर्ने; सरकारी लगानीको निर्णयमा सहजीकरण गर्ने; र खुला, स्वच्छ र प्रतिस्पर्धात्मकका साथै नवीनता पक्षको सरकारी खरीद प्रवर्धन गर्ने लक्ष्य राख्दछ । हामी सरकारी विभागहरूले सर्वसाधारण प्रवाह गर्ने सेवाको स्तर र गुणस्तर र लागत प्रभावकारी ढंगले कायम राख्न र अपग्रेड गर्नका लागि चाहिने केन्द्रीय सहयोग से हरू प्राप्त गरेको सुनिश्चित गर्ने लक्ष्य पनि । TsyB ले सबै सर्वसाधारणहरूले उनीहरूको जातीय पृष्ठभूमिको वास्ता नगरी सेवाहरूमा समान पहुँच भएको सुनिश्चित गर्ने ठूलो महत्व ।

| | |
|---|---|
| सम्वन्धित सेवाहरू | • TsyB ले ( ) आर्थिक नीति र वार्षिक बजेटसँग सम्वन्धित विषयमा वित्तीय सेवाहरू र ढुकुटीका वित्तीय सचिव र सचिव सहयोग गर्छ; ( ) सरकारको खर्चको वार्षिक अनुमानको स्रोत बाँडफाँड अभ्यास र संग्रहको रेखदेख गर्छ; ( ) गुणस्तरीय सरकारी सेवाहरूको सार्वजनिक माग पुरा गर्ने र सरकार साना र न्यून करको सिद्धान्तलाई समर्थन गर्ने र सरकारको तर्फबाट पैसाको मूल्यलाई बढावा दिने बीचको सन्तुलन सुनिश्चित गर्दछ; ( ) नीति र पूर्वाधार प्रस्तावहरूको वित्तीय प्रभाव र भूमि सम्बन्धी विषयहरूको वित्तीय पक्षको मुल्यांकन गर्दछ; ( ) राजस्व मामिलाहरूमा नीति निर्देशन प्रदान गर्दछ र एक प्रभावकारी राजस्व संकलन र संरक्षण प्रणाली कायम गर्दछ; ( ) सरकारको लगानी र ऋणको पोर्टफोलियो रेखदेख गर्दछ; ( ) सरकारको जग्गाको कुशल र लागत प्रभावी व्यवस्थापनको रेखदेख गर्दछ; ( ) सरकारी जग्गा यातायात, खरीद, मुद्रणका साथै वित्तीय र लेखा नियमहरूको क्षेत्रमा सरकारको केन्द्रीय सहयोग सेवाहरूको क्षमता, गुणस्तर र लागत-प्रभावकारिता सुधार गर्दछ; र ( ) विधान परिषदको लेखा समिति र वित्त समितिसँग सम्बन्ध व्यवस्थापन गर्दछ। |
| विद्यमान उपायहरू | • TsyB को वेवसाइटमा भएका जानकारी हङकङ वटा आधिकारिक भाषाहरू (अर्थात् चिनियाँ र अंग्रेजी) मा उपलब्ध छन् ।<br>• जातीय अल्पसंख्यक बासिन्दाहरूको सद्भाव र सम्वर्धन केन्द्र (CHEER) ले तयार पारेको भाषा पहिचान कार्ड TsyB को रिसेप्शन काउन्टरमा सेवा प्रयोगकर्ताहरूको लागि उपयुक्तताअनुसार उनीहरूको भाषाको प्रयोग अंकित गर्नका लागि उपलब्ध गराइएको छ। आवश्यक परेको समयमा |

CHEER को माध्यमबाट दोभाषे र अनुवाद सेवाहरूको व्यवस्था गरिनेछ । CHEER ले बहासा इन्डोनेसिया, हिन्दी, नेपाली, पञ्जावी, उर्दू, टागालग, थाइ र भियतनामी गरी आठ वटा भाषाहरूमा टेलिफोन दोभाषे सेवाहरू उपलब्ध गराउँछ ।

- TsyB को लागी विभिन्न जातिहरूका सेवा प्रयोगकर्ताहरूको आवश्यकतालाई बुझ्न र सम्वोधन गर्न सजिलो बनाउन ती सेवा प्रयोगकर्ताहरूको डाटा संकलन गर्ने व्यवस्था गरिएको छ ।

**लिइएका/लिनुपर्ने अतिरिक्त उपायहरू**

- TsyB ले आवश्यक परेमा जानकारी/लिफलेट(हरू) अन्य भाषामा अनुवादको व्यवस्था मिलाउनेछ । यस्ता जानकारी/लिफलेट(हरू) TsyB को वेवसाइटमा उपयुक्तताअनुसार अपलोड गरिनेछ ।
- TsyB ले सार्वजनिक सेवाहरू प्रदान गरिरहेका सहकर्मीहरूका लागि CSTDI ले आयोजना गरेको जातीय संवेदनशीलता र साँस्कृतिक विविधताको विषयमा तालिम सत्रहरूमा सहभागी व्यवस्था मिलाउनेछ ।

**भविष्यको कामको जाँच**

- सहकर्मीहरू/विविध जातिका मानिसहरूबाट प्राप्त पृष्ठपोषण/सुझावहरू आवश्यकता र उपयुक्तताअनुसार उपलब्ध गराइने सेवाको सुधारका लागि विचार गरिनेछ ।

**हामी सम्पर्क गर्नुहोस्**

- सोधपुछ/टिप्पणी/सुझाव/शिकायतका लागि, कृपया निम्न च्यानलहरूको माध्यमबाट Ms. Angela LAM, ढुकुटी अधिकृत (शाखा व्यवस्थापन) सम्पर्क गर्नुहोस्ः

टेलिफोनः 2810 2567
फ्याक्सः 2869 4531
इमेलः info@fstb.gov.hk
पत्राचारको ठेगाना वित्तीय सेवाहरू र ढुकुटी ब्युरो
(ढुकुटी शाखा)
24/F, Central Government Offices
2 Tim Mei Avenue
Tamar, Hong Kong

**ढुकुटी शाखा**
**वित्तीय सेवाहरू र ढुकुटी ब्युरो**
**मार्च २०२५**